**Surkhet Journal**
[A Peer-Reviewed, Open-Access, Indexed in NepJOL, DOI, Multidisciplinary Journal]
ISSN 2362-1230 (Print)
Published by the Research Management Cell (RMC)
Surkhet Multiple Campus, Birendranagar, Surkhet
Tribhuvan University
**DOI:**

# ‘झोला’ चलचित्रमा निर्माण प्रविधि

*Received on 9 July, 2025; Accepted on 3 September, 2025; Published on November, 2025*

**विष्णुप्रसाद कँडेल**
उप प्राध्यापक, त्रिभुवन विश्वविद्यालय
सुर्खेत बहुमुखी क्याम्पस वीरेन्द्रनगर सुर्खेत
bishnukandel100@gmail,com
https:/: orcid.org/0009-0008-1115-0318

## सारसंक्षेप

*प्रस्तुत लेखमा चलचित्र ‘झोला’ को चलचित्रङ्कन र त्यसको निर्माण प्रविधि पक्षको खोजी गरिएको छ। चलचित्र निर्माण आफैमा प्राविधिक विषय भएका कारण त्यसको मूल कथावस्तुलाई प्रस्तुत गर्ने शैली पृथक हुने गर्छ। चलचित्रको मूल कथावस्तु, त्यसको पटकथा योजना, पात्रको चयन र अभिनयका साथै छायाङ्कन दृश्य सम्पादन, ध्वनि त्यसको भाषा साङ्गीतिक पक्ष चलचित्रका प्रमुख निर्माण प्रविधिका साधनहरू हुन्। चलचित्रको निर्माण अर्धप्राविधिक विषय भएका कारण यसमा जोडिने मूल कथ्य र त्यस कक्षलाई पर्दामा उतार्नका लागि प्रयोग गरिने प्राविधिक पक्ष दुवै चलचित्र निर्माणका प्रविधि पक्षहरू हुन्। यसरी हेर्दा चलचित्र निर्माणमा प्रयोग हुने उपयुक्त निर्माण प्रविधिपक्ष नै यस लेखका अध्ययनका सामग्रीहरू हुन् जसलाई ‘झोला’ चलचित्रको निर्माण प्रविधिसँग जाँचेर त्यसको मूल्याङ्कन गरिएको छ। यसको अध्ययनका लागि गुणात्मक विधिको प्रयोग गरिएको छ जसमा विषयवस्तुलाई व्याख्यात्मक विश्लेषणात्मक पद्धतिको प्रयोग गरिएको छ। त्यसका साथै चलचित्र दृश्य साहित्य भएकाले अवलोकन पद्धतिको समेत प्रयोग गरी यसको निर्माण प्रविधि पक्षलाई केलाइएको छ। चलचित्रको कथानकका आधारमा मात्र यसको निर्माण पक्षको सम्पूर्ण मूल्याङ्कन हुन सक्दैन किनकि यसको कथा गर्भमा भएको अमूर्त पक्ष जस्तै हो। त्यसलाई पर्दामा प्रस्तुत नगरेसम्म यसको सफलताको मूल्याङ्कन गर्न सकिँदैन। त्यसका लागि यसका निर्माण प्रविधिका आधारभूत पक्षहरूका आधारमा विश्लेषण गर्नुपर्ने हुन्छ। प्रस्तुत चलचित्र चर्चित कथाकारको पूर्व प्रकाशित कथा भएकाले यसको निर्माण प्रविधि पक्षमा के कस्ता प्रयोग भएका छन् त्यसको खोजी प्रस्तुत लेखमा गरिएको र त्यस आधारमा निर्माण प्रविधिमा देखिएका सबल र दुर्बल पक्षहरूका साथै चलचित्रको सफलतालाई यसलाई यस लेखमा मिहीन रूपमा विश्लेषण गरी*

*निष्कर्ष निकालिएको छ । यसका लागि 'झोला' चलचित्रको मूल कथावस्तु त्यसको निर्माण प्रविधि र उपजिव्य कथालाई यसले के कति न्याय गरेको छ भन्ने कुराको समेत निरूपण गरिएकाले यस विषयसँग सम्बन्धित विद्यार्थी, शोधकर्ता र अन्य पाठकलाई स्रोत सामग्रीका रूपमा उपयोगी हुने कुराको समेत निष्कर्ष प्रस्तुत लेखमा निकालिएको छ ।*

**प्रमुख शब्दावली** चलचित्रङ्कन, पटकथा, छायाङ्कन, मोन्टाज, अभिनय, इम्प्रोभाइज, अभिग्रहण, अनुकूलन

## विषय प्रवेश

'झोला' चलचित्र कथाकार कृष्ण धराबासी (वि. सं. २०१७) ले लेखेको 'झोला' कथा (वि. सं. २०६०) लाई उपजीव्य मानी सोही मूल कथावस्तुमा आधारित रहेर चलचित्रका रूपमा निर्माण गरिएको हो । यो चलचित्र वि. सं. २०७१ मङ्सिर २१ गते सर्वप्रथम प्रदर्शन भएको थियो । यस चलचित्रलाई यादवकुमार भट्टराईले निर्देशन गरेका हुन् । साहित्यिक कृतिलाई चलचित्रमा अभिग्रहण गर्ने परम्परालाई अपनाएर अनुकूलन गरिएको यस चलचित्रको मूल कथालाई समानान्तर अनुकूलनको अवधारणामा विषयवस्तुलाई चलचित्रङ्कन गरिएको छ । मूल कथाको लोकप्रियता र साहित्यिक विशिष्टताको मर्मलाई नबिगारीकनै चलचित्रको मूल कथा छनोट गरिएको देखिन्छ । चलचित्रमा साहित्यलाई अभिग्रहण गर्ने परम्परा नेपाली चलचित्रमा मात्र नभएर विश्वका सबै चलचित्र उद्योगमा पाइन्छ । अभिग्रह गर्ने तरिका वा विषय चलचित्रको विधा, उद्देश्य र मर्मका आधारमा फरक फरक हुन सक्छन् । यस विषयमा अनुपम ओझा लेख्छन्, 'चलचित्रको पटकथालाई छोड्ने हो भने चलचित्र निर्माण कार्य सम्पूर्ण रूपमा यान्त्रिक हुन्छ, मात्र पटकथा लेखिन्छ । बाँकी सबै प्रविधिको प्रयोग गरेर फिल्माङ्कन गरिन्छ । सम्पादन गर्न कार्य पनि पूर्णतया प्राविधिक हुन्छ (सन् २०१४, पृष्ठ ४६) ।' चलचित्रमा गरिएको साहित्यको अभिग्रहणले चलचित्रको प्रस्तुतिमा उपर्युक्त विषयमा प्राविधिक रूपमा प्रत्यक्ष प्रभाव पार्ने गर्छ । प्रस्तुत चलचित्रमा निर्देशक यादवकुमार भट्टराईले कथाकार कृष्ण धरावासीको 'झोला' कथाको मूल कथावस्तुलाई अधिकतम रूपमा समानान्तर ढङ्गले चलचित्रले व्यक्त गर्ने भाषालाई नेपाली समाज र परिस्थिति सुहाउँदो शैलीमा प्रस्तुत गरेका छन् ।

यो चलचित्र नेपाली सिनेमा इतिहासमा एक महत्त्वपूर्ण र संवेदनशील विषयवस्तुमा आधारित छ जसले परम्परागत नेपाली ग्रामीण समाज, सती प्रथाको विकराल यथार्थ र मानवीय भावनाहरूको गहिरो चित्रण गर्दछ । यस चलचित्रको विश्लेषण गर्दा यसका निर्माण प्रविधिहरूको अध्ययन गर्नु अपरिहार्य हुन्छ । निर्माण प्रविधि भन्नाले निर्देशकले कथालाई पर्दामा उतारेका छन् । उनले यस चलचित्रमार्फत दृश्य, ध्वनि, पात्र र सम्पादनका माध्यमबाट दर्शकमा सकारात्मक प्रभाव पार्ने प्रयास गरेका छन् । यस चलचित्रले नेपालको इतिहासमा प्रचलित सती प्रथाका कारण समाजमा महिलाले भोग्नु परेको कारुणिक पीडालाई अभिव्यक्त गरेको छ । मूल रूपमा यसले सती प्रथाको विकृति एवम् विसंगतिलाई केलाए तापनि त्यसका अन्य पक्षलाई सूक्ष्म रूपमा नियाल्ने हो भने त्यहाँ प्रवासी नेपालीहरूको कथा-व्यथा तथा मध्यमवर्गीय नेपाली जनजीवन पनि देखाउन खोजिएको छ । यो सँगसँगै माओवादी द्वन्द्वका कारण समाजमा देखापरेको त्रासपूर्ण मनोदशालाई समेत यहाँ प्रस्तुत गरिएको छ ।

विश्व साहित्यमा चर्चित साहित्यिक कृतिलाई चलचित्रमा रूपान्तरण गर्ने परम्परा धेरै पुरानो देखि रही आएको छ । यसरी रूपान्तरण गरिएका चलचित्रहरू अंग्रेजी, हिन्दी चलचित्र उद्योगमा निकै सफल सावित भइसकेका छन् । नेपाली चलचित्र क्षेत्रमा पनि चर्चित साहित्यकारका उपन्यास, कथा, नाटक, खण्डकाव्य एवम् जीवनीलाई अभिग्रहण गरेर चलचित्र निर्माण गरिएको पाइन्छ । साहित्यको चलचित्रङ्कन गरिएका त्यस्ता सिर्जनाहरूमध्ये 'झोला' चलचित्र पनि एक सुन्दर उदाहरण बनेको छ ।

**समस्याकथन र अनुसन्धानत्मक प्रश्नहरू**

प्रस्तुत लेखले यादवकुमार भट्टराईद्वारा निर्देशित 'झोला' चलचित्रको निर्माण प्रविधिलाई मुख्य शोध समस्या बनाएको छ । त्यसका आधारमा चलचित्रको मूल कथा र पटकथा बीचको अन्तरसम्बन्धलाई केलाउँदै त्यसको छायाङ्कनमा प्रयोग गरिएका प्रविधि चलचित्रको सम्पादन पक्ष दृश्य र चलचित्रको भाषा पात्र योजना र तिनीहरूको स्वभाविक अभिनयको प्राविधिक पक्षका आधारमा विश्लेषण र मूल्याङ्कन गरिएको छ । चलचित्र निर्माणका क्रममा चलचित्रको मूल कथावस्तुलाई त्यसको पटकथामा रूपान्तरण गर्न र आवश्यक पर्ने पात्रयोजना परिवेशको चयन भाषिक संवाद पात्रहरूको भेषभूषा गीत संगीत द्वन्द्व वा भिडन्तको प्रयोग र समग्रमा त्यस कथाले चलचित्रमा दिन खोजेको सन्देशलाई के कति श्रृफ्लाबद्ध रूपमा प्रस्तुत गरेको छ र मूल कथालाई पर्दाले न्याय गरेको छ कि छैन भन्ने कुराको निरूपण गरिएपछि मात्र उक्त चलचित्रको वास्तविक मूल्याङ्कन हुनु हुने भएकाले उपर्युक्त विषयलाई सम्बोधन गर्नका लागि यस प्रकारका अनुसन्धानत्मक प्रश्नहरू समेत तयार गरिएको छ :

१. 'झोला' चलचित्रको कथावस्तु लाई पटकथामा के कसरी संयोजन गरिएको छ ?
२. चलचित्रको छायाङ्कन गर्दा के कस्ता निर्माण प्रविधिहरूको प्रयोग गरिएको छ ?
३. चलचित्रको सम्पादनमा त्यसको मूल विषयवस्तुलाई के कति न्याय गरिएको छ ?

## अध्ययनको उद्देश्य

चलचित्रलाई वर्तमान समयमा साहित्यको अत्याधुनिक श्रव्य दृश्य विधाका रूपमा स्वीकारिएको पाइन्छ । परम्परागत साहित्यभन्दा चलचित्र साहित्य पृथक हुनुमा यसको निर्माण प्रविधि पक्ष नै महत्त्वपूर्ण मानिएको छ । चलचित्र निर्माणमा गैरयन्त्रित एवम् यन्त्रिक प्रकृतिका निर्माण प्रविधिहरूको प्रयोग गरिएको हुन्छ । कथा लेखन पटकथा निर्माण त्यसको छायाङ्कन सम्पादन र अन्तिम प्राविधिक पक्षको सामञ्जस्य बाट निर्धारित समयको श्रव्य-दृश्य चलचित्र सामग्री तयार हुन्छ । 'झोला' चलचित्रमा प्रयोग भएका उपयुक्त निर्माण प्रविधिको अध्ययन नै यस लेखको समस्या कथन हो । समस्याकथनमा अभिव्यक्त शोध्य समस्या र त्यसका आधारमा निर्माण गरिएका अनुसन्धानत्मक प्रश्नहरूको वस्तुनिष्ठ र तथ्यपूर्ण विश्लेषण गरी निचोडमा पुग्नका लागि यस लेखमा निम्न उद्देश्यहरू राखिएको छ :

१. 'झोला' चलचित्रको कथावस्तु र पटकथाको प्राविधिक अन्तरसंयोजनको विश्लेषण गर्नु
२. चलचित्रको छायाङ्कनमा प्रस्तुत भएको दृश्य भाषाको मूल्याङ्कन गर्नु
३. चलचित्रको सम्पादनमा मूल कथावस्तुलाई न्याय गरे नगरेको विषयको निरूपण गर्नु ।

## पूर्वकार्यको समीक्षा

चलचित्रको अध्ययन अनुसन्धानको विशिष्ट क्षेत्र हो भने अर्कोतर्फ चलचित्र साहित्यको नवीन एवम् आधुनिक विधा हो । नेपाली भाषामा विभिन्न साहित्यिक कृति एवम् अन्य रचनाहरूको विशिष्ट अध्ययन र अनुसन्धान भएको छ तर चलचित्रका क्षेत्रमा प्रशस्त कार्यहरू भएका छैनन् । जे जति भएका छन् ती कुराहरूलाई प्रस्तुत अध्ययनको पूर्वकार्यको सामग्रीको रूपमा यस अनुसन्धान कार्यमा राखिएको छ । यस शोधका लागि चलचित्रको सैद्धान्तिक पक्ष यसमा प्रयोग हुने निर्माण प्रविधिपक्ष र 'झोला' चलचित्रमा प्रयोग भएका निर्माण प्रविधिका विविध आयामहरूलाई सूक्ष्म रूपमा खोजी गर्दै यसको कथा संरचना, पटकथा लेखन प्रक्रिया, पात्रयोजना, परिवेश निर्धारण, छायाङ्कन, सम्पादन, ध्वनि समिश्रण र मूल साहित्यिक कृतिप्रतिको न्याय जस्ता विषयवस्तुको प्रयोगसम्बन्धी उपलब्ध साहित्यहरूको पुनरावलोकन गरिएको छ ।

जेम्स मोनाकोले आफ्नो पुस्तक *हाउ टु रिड अ फिल्म* (सन् २०००) मा दृश्य साहित्य वा चलचित्रको विश्लेषण र मूल्याङ्कनका सैद्धान्तिक आधारलाई प्रस्तुत गरेका छन् । यसमा उनले चलचित्रलाई एउटा विशिष्ट आधुनिक कलाका रूपमा चिनाउदै चलचित्रको प्रविधि पक्ष (दृश्य र ध्वनि), चलचित्रको भाषा (चिह्न, विम्ब र तात्पर्य), चलचित्रको स्वरूप, अंग्रेजी शब्द *मुभी* को अर्थशास्त्रीय, फिल्मको राजनैतिक यवम् सिनेमाको सौन्दर्य शास्त्रीय अर्थ र त्यसको मर्मको ऐतिहासिक पक्षलाई केलाएका छन् भने चलचित्रका प्रचलित सिद्धान्तको व्याख्या गरेका छन् । यसै गरी सञ्चार (मिडिया) र आमसञ्चार (मल्टिमिडिया) को ऐतिहासिक विकास, क्रान्तिकारी परिवर्तन र रूपान्तरणका साथै चलचित्र र सञ्चार जगत्को कालक्रमिक सर्वेक्षण पनि यसमा गरिएको छ। अनुभव अजीतले *नेपाली चलचित्रको आरम्भ* (२०६४) शीर्षकको लेखमा विश्वमा चलचित्रको जन्म र नेपाली चलचित्रको निर्माण परम्परालाई विश्लेषण गरेका छन् । यसमा उनले नेपालमा चलचित्रको प्रदर्शन परम्परालाई उत्खनन गर्न राणाकालदेखि नेपालमा चलचित्रको विधिवत् रूपमा थालिएको सरकारी प्रयासमा निर्माण भएको चलचित्र आमा (२०२२) हुँदै वर्तमान सम्मको सर्वेक्षण गरेका छन् । अहिलेको पुरातन यथास्थितिवादी मानसिकता त्यागेर जवसम्म स्वतन्त्र व्यक्तिका रूपमा आफ्ना विचार, दर्शन र ज्ञानको आधारमा चलचित्र बनाइँदैन तवसम्म नेपाली चलचित्रले राम्रो दिन देख्न नपाउने उनको लेखको निष्कर्ष रहेको छ ।

मनु रेमाकान्तले *द इङ्लिस गोथिक सिनेमा-एडप्टेसन्स् अफ फिक्सन इन्टु फिल्म* (सन् २००८) शीर्षकको विधावारिधि शोधप्रबन्धमा चलचित्र अनुकूलनको सैद्धान्तिक स्वरूपको चर्चा गर्दै उपन्यासबाट चलचित्रमा अनुकूलन गरिएका निर्धारित उपन्यास र चलचित्रको तुलनात्मक अध्ययन गरेका छन् । त्रासदीपूर्ण एवम् रहस्यात्मक (गोथिक) चलचित्रमा केन्द्रित रेमाकान्तको प्रस्तुत शोधकार्यले अमेरिकी उपन्यासको एक उपविधाका चर्चित उपन्यासको अभिग्रहण वा चलचित्रात्मक अनुकूलनका अध्ययन गरेको हुँदा भाषिक एवम् विषयगत रूपमा पनि प्रस्तुत अुनसन्धानभन्दा पृथक देखिन्छ। माधव ढुङ्गेलको *चलचित्र सिद्धान्त* (२०६७) मा चलचित्रको सैद्धान्तिक पक्षको विश्लेषण गरिएको गुणात्मक विधिमा

आधारित यस पुस्तकमा चलचित्र सम्बन्धी सिद्धान्तलाई विश्लेषण गर्ने मुख्य उद्देश्य राखिएको छ । यसभित्र चलचित्रको परिचय, यसका प्रमुख तत्त्व, यसका प्रमुख विधा र चलचित्रसम्बन्धी प्रमुख आन्दोलन तथा मोडको विश्लेषण गरिएको छ । चलचित्र र समाजको नजीकको सम्बन्ध रहेको बताउँदै यसको विषय र यसको निर्माणको सम्पूर्ण पक्ष सामजिक सापेक्षतामा प्रकटीकरण हुने कुरामा ढुङ्गेलले जोड दिएका छन् । प्रस्तुत पुस्तकमा लेखकले चलचित्रको सैद्धान्तिक पक्ष र त्यसमा पनि नेपाली चलचित्रको भन्दा विश्व चलचित्रको प्रवृत्तिलाई बढी महत्त्व दिएका छन् । चलचित्र निर्माण प्रविधिभित्र भाषाले चलचित्रलाई कसरी प्रभाव पार्छ भन्ने सैद्धान्तिक अध्ययनका लागि प्रस्तुत कार्य उपयोगी देखिन्छ । विभावरीले *हिन्दी साहित्य और सिनेमा के मध्य स्त्री-दृष्टिका अन्तर* (सन् २०१०) शीर्षकमा विद्यावारिधि शोधकार्यमा हिन्दी सिनेमाको विकासलाई प्रस्तुत गर्दै मुख एवम् सवाक सिनेमाको यात्रा तथा त्यसका प्रवृत्तिहरूलाई देखाइएको सिनेमाको मुख्य आधार र त्यसको इतिहास उनले प्रस्तुत गरेकी छन् । यस कार्यमा समानान्तर/कला सिनेमाको इतिहास केलाइएको छ । उनले हिन्दी साहित्यिक कृतिमा आधारित सिनेमाको इतिहासलाई प्रस्तुत गर्ने क्रममा समानान्तर सिनेमाको प्रारम्भ विकासक्रम, उत्कर्ष, ह्रास एवम् मध्यमार्गी सिनेमाको स्वरूप समेत प्रस्तुत गरेकी छन् । यसैगरी साहित्य र सिनेमाको अन्तरसम्बन्ध देखाउने क्रममा उनले कथा नाटक र सिनेमा, कथा र पटकथा र साहित्यिक कृतिको फिल्मान्तरणमा देखापर्ने समस्यालाई समेत उनले प्रस्तुत गरेकी छन् । प्रस्तुत शोधकार्यले भारतीय साहित्य र समाजको गहन अध्ययन गरेतापनि नेपाली चलचित्र र त्यसको निर्माण प्रविधि पक्षलाई केलाउन सकेको छैन । मनोज भट्टराईले *पटकथाको सैद्धान्तिक ढाँचा* (२०६८) शीर्षकमा शोधकार्य गरेका छन् । यस अध्ययनमा उनले चलचित्रको प्राविधिक लेखनका रूपमा मानिएको कथावस्तुलाई पात्रका माध्यमबाट दृश्यात्मक रूप दिन तयार पारिएको खण्ड र दृश्यमा विभक्त कथाश्रृफ्ला वा घटनाक्रमको खोलुवाका रूपमा पटकथालाई परिभाषित गरेका छन् । यसले नेपाली चलचित्रको समाजभाषिक अध्ययनमा कुनै भूमिका नखेले पनि चलचित्र निर्माण र त्यसको परिवेशका विविध पक्षको अध्ययन गर्दा पटकथाको महत्त्वपूर्ण भूमिका हुने भएकाले सो पक्षको अध्ययनमा प्रस्तुत शोधकार्य सहयोगी देखिन्छ ।

सुलभा कोरेको *नारी केन्द्रित हिन्दी सिनेमामे भारतीय स्त्री* (सन् २०११) शीर्षकको विद्यावारिधि शोधप्रबन्धमा हिन्दी चलचित्रमा नारी पात्रको अभिनय र भूमिकाको विश्लेषण र मूल्याङ्कन गरिएको छ । यस शोधकार्यमा भारतीय समाज र संस्कृतिमा नारीहरूको भूमिकाको ऐतिहासिक सर्वेक्षण गर्दै प्राचीन ढुङ्गे युगदेखि सभ्यताको विकासक्रमसम्म आइपुग्दा नारीहरूको अवस्था देवकालीन समाज र संस्कृति, मनुस्मृति, पौराणिक विषयमा आधारित ग्रन्थहरूमा वर्णित समाज, बौद्ध एवम् मुस्लिम शासनकाल तथा सनातन भक्ति सम्प्रदायमा नारीहरूको भूमिकाको खोजी गरिएको छ । पूजा खिल्लनले *समान्तर सिनेमाका भाषिक और सामाजिक अध्ययन* (सन् २०१२) शीर्षकको विद्यावारिधि शोधप्रबन्धमा भारतीय चर्चित अभिनेता नसिरूद्दीन शाहद्वारा अभिनित चलचित्रको अध्ययन गरेकी छन् । यस शोधकार्यमा उनले समान्तर शब्दलाई फरक धारको यथार्थवादी या प्रयोगशील चलचित्रका रूपमा परिभाषित गरेकी

छन् । उनको प्रस्तुत शोधकार्यले मूलतः चलचित्रभित्रको भाषिक एवम् सामाजिक पक्षको अध्ययन गरको छ । त्यसै गरी भारतीय आख्यानमा आधातिर चलचित्रको उपर्युक्त क्षेत्रको अध्ययनलाई आफ्नो शोध्यविषय बनाएको छ । प्रस्तुत कार्यमा नेपाली चलचित्र र त्यसको त्यसको निर्माण प्रविधि पक्षसँग जोडिएको अन्तरसम्बन्धको विषयमा यसले अध्ययन गरेको छैन भने यस अध्ययनको सामग्रीको स्रोत नेपाली विषयवस्तुलाई नलिनु नै यसको सीमा रहेको छ ।

वरूण वागीशले *हिन्दी सिनेमाका बदलता परिदृश्य : एक आलोचनात्मक अध्ययन* (सन् २०१३) शीर्षकमा विद्यावारिधि शोधकार्य गरेका छन् । उनको यस शोधकार्यमा हिन्दी सिनेमाको इतिहास, त्यसको सामाजिक, सांस्कृतिक एवम् आर्थिक प्राभव, भूमण्डलीकरण, हिन्दी समानान्तर सिनेमा, हिन्दी सिनेमाको बदलिँदो परिदृश्य र हिन्दी सिनेमाका देखिएको संरचनात्मक परिवर्तनको अध्ययन गरिएको छ । यसमा नेपाली चलचित्र र त्यसको निर्माण प्रविधिको कुनै अध्ययन गरिएको छैन तर चलचित्रको संरचनात्मक परिवर्तनअन्तर्गत विषयवस्तु (कथावस्तु), गीत, सङ्गीत, संवाद, अभिनय एवम् प्रविधिको चलचत्रिको निर्माणमा पार्ने प्रभावको अध्ययन गरिएकाले भाषाको सामाजिक पक्ष र त्यसको व्यावहारिकता को अध्ययनमा यस कार्यले सहयोग गर्ने देखिन्छ । गनेश पौडेलको *नेपाली सिनेमाको कथा* (२०७२) शीर्षकको लेखमा चलचित्र विकासको पृष्ठभूमि केलाउँदै चलचित्रलाई साहित्यका अन्य विधाभन्दा फरक रूपमा विश्लेषण गरेका छन् । उनले चलचित्रको आफ्नै पृथक भाषा हुने र त्यसले एकैपटक छवि, शब्द गति, नाटक, कहानी, सङ्गीत जस्ताकुरालाई प्रस्तुत गर्न सक्ने विशिष्ट विधाका रूपमा चिनाएका छन् । प्रस्तुत शोधकार्यमा मूलतः चलचित्रका तत्त्वहरूको विश्लेषणलाई महत्त्व दिइएको छ भने त्यसको निर्माण प्रविधि पक्षको अध्ययनलाई केन्द्रबिन्दु बनाइएको छैन । प्रकाश सायमीको *चलचित्र : कला र प्रविधि* (२०७५) मा चलचित्रको कलात्मक पक्ष र त्यसको प्राविधिक पक्षको अन्तर्सम्बन्धको विश्लेषण गरिएको छ । यस पुस्तकमा लेखकले कलात्मक एवम् प्रविधि पक्षको सामान्य परिचयबाट विषयको उठान गर्दै चलचित्रको इतिहास र विकासक्रमको सर्वेक्षण गरेका छन् । यस अन्तर्गत दृश्य स्थायित्वको सिद्धान्त, अमेरिका, युरोप र अन्यत्र चलचित्रको उदय, जर्मनी अभिव्यक्तिवादी र संरचनावादी सिनेमा, विश्वयुद्धकालीन चलचित्र र त्यसका प्रवृत्तिहरूसमेत उनले केलाएका छन् । नेपाली चलचित्रको निर्माण प्रविधिको वारेमा अत्यन्त कम चर्चा गरिएको छ ।

माथि प्रस्तुत पूर्वकार्यहरूमा अध्ययनको विषयगत विविधता पाइन्छ । तीमध्ये नेपाली, हिन्दी तथा अङ्ग्रेजी साहित्यिक कृतिको चलचित्राङ्कनको विभिन्न आयामसँग सम्बन्धित छन् । माधव ढुङ्गेलको शोधकार्य नेपाली साहित्यिक कृतिको चलचित्राङ्कनसँग सम्बन्धित छ । विभावरी, सुलभा कोरे, पूजा खिल्लन, र वरुण वागीशको अअध्ययन हिन्दी चलचित्र र त्यसको समसामायिक अवस्थाका वारेमा हिन्दी भाषामा गरिएका छन् । रेमाकान्तको अध्ययन मूलतः अङ्ग्रेजी तथा हिन्दी साहित्यको चलचित्रात्मक अनुकूलनसँग सम्वान्धित छन् । अनुभव अजीत, गनेश पौडेल, र रमेश भट्टराईका अध्ययन नेपाली चलचित्रको सैद्धान्तिक पक्ष, त्यसको विकास प्रक्रिया र प्रायोगिक पक्षसँग जोडिएका छन् । माधव

ढुङ्गेल र प्रकाश सायमीका पुस्तकाकार सामग्रीहरू चलचित्र सिद्धान्त र नेपाली चलचित्रसँग सम्वन्धित छन् । अनुपम ओझा र मन्नू भण्डारीका पूर्वकार्य हिन्दी चलचित्रसँग सम्वन्धित छन् । यसरी हेर्दा उपर्युक्त पूर्वकार्यहरूमा चलचित्रको विभिन्न कोणबाट विश्लेषण गरेको पाइन्छ । नेपाली चलचित्रको निर्माण प्रविधिको विषयसँग सम्वन्धित केही अध्ययन भएपनि ती अध्ययनहरू तुलनामा मात्र सीमित छन् । माथिका पूर्व अध्ययन र त्यसको समीक्षाबाट नेपाली चलचित्रमा निर्माण प्रविधिको अध्ययन हुन नसकेको देखिन्छ । उपयुक्त अध्ययनहरूलाई नियाल्दा चलचित्र 'झोला' सँग सम्बन्धित आधिकारिक पूर्वकार्य नगन्य मात्रामा भएको देखिन्छ ।

उपर्युक्त अध्ययनहरू समग्र नेपाली चलचित्रको समाजभाषिक अध्ययनसँग सम्बन्धित नभएकाले प्रस्तुत पूर्वकार्यको समीक्षाबाट नेपाली उपन्यासको चलचित्राङ्कनको अध्ययन अंशतः सम्बन्धित भएपनि यसका आधारभूत र समग्र पक्षको विश्लेषण तिनमा भएको पइँदैन । यो अभाव पक्ष तिनमा रहेको छ र यही शोध अन्तरालको परिपर्ति गर्ने उद्देश्यसहित यो अध्ययन गरिएकाले यसको औचित्य पनि स्पष्ट हुन्छ ।

## कथावस्तुको प्रस्तुति र पटकथा

पटकथा लेखन चलचित्रको कथा लेख्ने काम मात्र नभएर एउटा प्राविधिक एवं कलात्मक प्रक्रिया समेत हो । यसलाई तीन अङ्कको संरचनामा तयार गर्ने गरिन्छ पहिलो अङ्कमा पात्रहरूको कथा पृष्ठभूमि र सारको परिचय दिइन्छ । दोस्रो अङ्कमा पात्रको टक्रावलाई प्रस्तुत गर्ने गरिन्छ भने तेस्रो अङ्कमा समाधान प्रस्तुत गरिएको हुन्छ । पटकथालाई सशक्त बनाउने अर्को पक्ष चरित्रको यात्रा हो जसमा उसको सुरुवातदेखि समाधानसम्मका कुराहरुलाई प्रस्तुत गर्ने गरिन्छ । पात्रको विकासमा निश्चित लक्ष्य बोकेर हिँड्ने नायक, उसको यात्रामा बाधा पुऱ्याउने खलनायक, पात्रको द्वन्द्व र निष्कर्ष महत्त्वपूर्ण रहन्छन् । द्वन्द्व पटकथाको केन्द्रीय तत्त्व पनि हो । जसमा मानिसका विरुद्ध मानिस मानिसका विरुद्ध प्रकृति मानिसका विरुद्ध आफू स्वयं र मानिसका विरुद्ध समाजको द्वन्द्वात्मक अवस्थालाई देखाइएको हुन्छ । जीवन्त विषयवस्तु त्यसको अन्तर्राष्ट्रिय स्वीकार्यता र त्यसमा भएका भावनात्मक पक्षहरूलाई सैद्धान्तिक रुपमा निर्देशित गर्दै कुनै विशिष्ट कथालाई चलचित्रमा उतारेको हुन्छ जसले गर्दा दर्शकले कथालाई सजिलैसँग बुझ्न सक्छन् ।

कथावस्तुलाई चलचित्रको मुख्य आधार मान्ने गरिन्छ । चलचित्रको पात्र र परिवेशमार्फत कथाले त्यसको विषयलाई नाटकीय रूपमा बोलिरहेको हुन्छ। यसै कारणले पटकथालाई कागजमा बनाइने चलचित्र पनि भनिन्छ (ढुङ्गेल, २०६७ पृष्ठ ४४) ।' 'झोला' चलचित्रको कथावस्तुलाई रेखीय तर गहन शैलीमा प्रस्तुत गरिएको छ । यसमा कुनै जटिल पूर्वदीप्ति (फ्ल्यासब्याक) वा समानान्तर कथानकको प्रयोग नगरी घटनाक्रमलाई स्वाभाविक र क्रमिक रूपमा अगाडि बढाइएको छ । यस चलचित्रमा सूत्रधारको भूमिका मूल उपजीव्य कथाका लेखक एवम् यस चलचित्रका पटकथाकार कृष्ण धरावासी स्वयम्ले निभाएका छन् । उनी अफिसबाट घर फर्कँदै गर्दा बाटोमा शंकास्पद वस्तु प्रहरीले खोजतलास गरिरहेको देख्छन् । घरमा

पुग्दा पनि अपरिचित व्यक्तिले छोडेको एउटा 'झोला' भेटिन्छ । परिवारका सदस्यले अनुमति नदिए पनि उनले 'झोला' खोलेर हेर्छन् । त्यहाँ एउटा लामो कथा जस्तो चिठी हुन्छ जसमा लेखकले आफ्नो कथा लेखेको हुन्छ । चलचित्रको दृश्य त्यसपछि मुख्य कथातर्फ मोडिन्छ । वृद्ध भइसकेका श्रीमान् (दीपक क्षेत्री) को स्याहार सुसारमा खटिएकी कान्छी (गरिमा पन्त) एक्कासी उनको मृत्युले आहत हुन्छिन् । उनीबाट जन्मिएको एकमात्र छोरा घनश्याम (सुजल नेपाल) टुहुरो हुन्छ । आफू सती जाने कुराले भन्दा बालक छोराको भविष्यले उनलाई स्तब्ध बनाउँछ । सबै छिमेकी मिलेर उनलाई सती जान बाध्य बनाइन्छ । मृत्यु संस्कार सकेपछि सबै गाउँले घर फर्कन्छन् । घनश्यामको जीवन दुःखपूर्ण ढङ्गले बितिरहन्छ । एक दिन उसले ओडारमा अनौठो मानिस देख्छ । त्यो अरु कोही नभएर आफ्नै आमा निर्वस्त्र रूपमा बसिरहेकी हुन्छिन् । सती जान बाध्य बनाए पनि रातको समय भएकाले आगोमा जल्न गाह्रो भएपछि खोलामा हाम फालेर बाँचेकी हुन्छिन् । घनश्यामले यी सबै कुरा काका काकीलाई सुनाउँछ । उनीहरूले गोप्य रूपमा दुवैलाई गाउँबाट भगाइदिन्छन् । 'झोला' को यो सबै चिठी पढिरहेको सूत्रधार सती प्रथा हटाउने चन्द्र शमशेरलाई धन्यवाद दिन्छन् र चलचित्रको मूल कथा समाप्त हुन्छ ।

पटकथाले पात्रहरूको आन्तरिक द्वन्द्व, सामाजिक दबाब र उनीहरूका भावनात्मक यात्रालाई केन्द्रमा राखेको छ । यस चलचित्रका पटकथाकार 'झोला' कथाकै लेखक कृष्ण धरावासी स्वयं भएका कारण पात्रहरूको संवाद र परिवेश चित्रणमा सजकता अपनाइएको पाइन्छ जसले चलचित्रलाई स्वभाविक र जीवन्त बनाउन सफल भएको छ । कतिपय ठाउँमा धरावासीको मूल कथाकृति 'झोला' कै संवादत्मक अंशलाई जस्ताको तस्तै पठकथामा प्रस्तुत गरिएको कारण कृत्रिमता समेत सिर्जना भएको देखिन्छ । सती प्रथा जस्तो संवेदनशील विषयलाई नाटकीयता भन्दा पनि यथार्थपरक ढङ्गले यस चलचित्रमा प्रस्तुत गर्न खोजिएको छ, जसले दर्शकलाई कथासँग भावनात्मक रूपमा जोड्न मद्दत गरेको छ । संवादहरू साधारण, स्वाभाविक र ग्रामीण परिवेश सुहाउँदा छन्, जसले पात्रहरूको चरित्र र अवस्थालाई अझ जीवन्त बनाएको छ ।

## छायांकन र दृश्य भाषा

चलचित्रलाई रङ्गमञ्चको विकसित रूप मान्न सकिन्छ । अर्थात् चलचित्रमा रङ्गमञ्चीय निर्माण प्रविधि र आधुनिक यन्त्रीय प्रविधि पक्षको प्रयोग गरिएको पाउन सकिन्छ । एक प्रकारले चलचित्र चित्रहरूको भाषिक अभिव्यक्ति हो । यस सम्बन्धमा प्रकाश सायमी लेख्दछन् :

सिनेमा अर्थात् चलचित्र चित्रहरूको भाषा हो । मनुष्य जातिको उद्गम र उद्भव सँगसँगै मानवीय भावनालाई दुई रूप दिइयो । भाषा र चित्रको शब्दमा व्यक्त गर्न नसकिने भावनाहरूलाई स्थायी रुप दिन चित्रहरूको रूप दिइयो । चित्रबाट पछि गएर विभिन्न लिपिहरूको विस्तार भयो । समय अनुसार भाषा र लिपिहरू विकास हुँदै बदलिदै गए तर चित्रहरूको भाषा सर्वदीय सर्वकालिक र सर्वजनीन

बनिरह्यो । सोही कारणले गर्दा जब चित्रको विकास नयाँ कला सिनेमाको रूपमा भयो त्यतिबेला यो अन्तर्राष्ट्रिय कलाको रूपमा स्वीकारियो (सायमी २०७५, पृष्ठ ६८) ।

'झोला' चलचित्रको छायांकन यसको महत्त्वपूर्ण निर्माण प्रविधि हो जसमा ग्रामीण परिवेशलाई वास्तविक र कलात्मक दुवै तरिकाले कैद गरिएको छ । टाढाबाट लिइएका शटहरूको प्रयोगले प्राकृतिक सुन्दरता र पात्रहरूको समग्रतालाई र ग्रामीण जीवनको बहुआयामिकतालाई केलाउन निर्देशक सफल भएका छन् । चलचित्रमा मलामी जाने लामो लस्करलाई खिचिएको छ । त्यसैगरी गाउँघरमा हुने साना ठूला सुखद वा सन्तापपूर्ण अवस्थामा भेला हुने चलन संस्कृतिलाई समेट्न प्रयोग गरिएका वाइड सटहरूले चलचित्रको छायाङ्कन कलालाई अझ सुन्दर बनाएका छन् । चलचित्रमा क्लोज-अप सटहरूको समेत प्रयोग गरिएको छ । यस्ता शटहरूले पात्रहरूको भावनात्मक गहिराइलाई उजागर गरेको छ ।



तस्बिर १. घनश्यामका बाबुको मृत्युपछि उनको पार्थिव शरीरलाई दा संस्कारका लागि लैजाँदै गरेको दृश्य
*स्रोतः यादवकुमार भट्टराईद्वारा निर्देशित चलचित्र 'झोला' (२०७१) बाट लिइएको स्क्रिनसट ।*

जब घनश्यामको वृद्ध बाबुको मृत्यु हुन्छ तब आफ्नी आमा जो उसको बाबु भन्दा ४० वर्ष कान्छी थिइन्, उनको मुहारमा देखिएको पीडाको गहिराईलाई घनश्यामको मनोभावनाजन्य नैराश्यलाई निर्देशकले सुन्दर ढङ्गले चलचित्रमा कैद गरेको देखिन्छ । त्यसैगरी बालक घनश्याम जो बाबुको क्रिया गर्न बसेको छ । उसको भविष्यप्रतिको चिन्ताका अनुभूतिहरूलाई समेत यस्ता सर्ट मार्फत देखाइएको छ । चलचित्रका पात्रहरूको मनोदशा हाउभाउ र उनीहरूको आन्तरिक अनुभूतिलाई अभिव्यक्त गर्न यस चलचित्रमा यस प्रकारका सटहरूको प्रयोग गरेको देखिन्छ ।

चलचित्रमा प्रकाशको प्रयोग पनि कुशलतापूर्वक गरिएको छ । प्राकृतिक प्रकाशको अधिक प्रयोगले दृश्यहरूलाई यथार्थपरक र प्रामाणिक देखाएको छ । सम्पूर्ण चलचित्रलाई सकेसम्म तत्कालीन समयको

वास्तविकतासँग जोड्ने प्रयास निर्देशकले गरेका छन् । त्यसका लागि सम्पूर्ण चलचित्र ग्रामीण परिवेशमा छायांकन गरिएको छ जसमा ग्रामीण प्राकृतिक सौन्दर्यलाई सुन्दर दृश्य संयोजनमा प्रस्तुत गरिएको छ । दृश्य भाषाले कथाको भाव र पात्रहरूको मनस्थिति अनुसार परिवर्तन भई दर्शकलाई कथामा अझ बहिर लैजान्छ । नेपालमा बनेका साहित्यिक कृतिमा आधारित चलचित्रमा प्रायः लेख्य स्वरूपलाई नै रूपान्तरण गरेर चलचित्रमा राख्ने परम्परा देखिन्छ तर निर्देशक यो कुरामा भने प्रस्तुत चलचित्रमा सचेत देखिन्छन् । उनले कथ्यलाई सकेसम्म दृश्य र त्यहाँ प्रस्तुत अभिनयका माध्यमबाट व्यक्त गर्न प्रयास गरेका छन् ।

चलचित्रको पूर्वारम्भमै बज्ने परम्परागत शैलीको गीतले दर्शकलाई वर्तमान समयबाट प्राचीन सती प्रथाको युगमा लैजान्छ । निर्माण गरिएको सेट पात्रको भेषभुषा र उनीहरूका संवादको भाषिकायुक्त परम्परागत अभिव्यक्तिले पनि यो कुरालाई अझ प्रामाणिक बनाएको छ । 'झोला' चलचित्रले कुनै अपरिचित व्यक्ति जो पछि घनश्याम हो भन्ने थाहा हुन्छ उसैले राखेको झोला भित्रको कथा भनिरहेको छ जुन कुरालाई एकपछि अर्को श्रृफ्लाबद्ध रूपमा आएका शटहरूले सो भाषा बोलिरहेको देख्न सकिन्छ ।

## ध्वनि र संगीत

चलचित्रमा ध्वनि र संगीतको प्रयोग कथाको भावनात्मकतालाई बढाउन महत्त्वपूर्ण भूमिका खेल्ने गर्छ । 'ध्वनिको रचनात्मक उपयोग र प्रयोगले गर्दा दृश्यमा यथेष्ट प्रभाव दिन सकिन्छ । यही कारणले चलचित्रको गुणस्तरको विकासमा ध्वनिले अटुट सम्बन्ध कायम राखेको छ (सायमी २०७५ पृष्ठ १४४) ।' चलचित्रमा प्रस्तुत गरिने ध्वनिलाई त्यससँग जोडिने गति, दिशा, समय, दूरी आदि कुराले प्रभाव पार्ने गर्छ । त्यसमा पनि पात्रको संवाद, पार्श्वध्वनि एवम् अन्य ध्वनिहरूको संयोजनले चलचित्रको कथालाई गति दिन मद्दत गरेको छ । संवादबाहेक परिवेशीय ध्वनिहरूको प्रयोगले ग्रामीण वातावरणलाई जीवन्त बनाएको छ । चलचित्रमा प्रयोग गरिएको हावाको आवाज, चराचुरुङ्गीको आवाज, र मानिसहरूको चहलपहलले दृश्यहरूलाई थप विश्वसनीय बनाएको पाइन्छ । पार्श्व संगीतले दर्शकको भावनात्मक अनुभवलाई निर्देशित गर्दै गएको छ । यो संगीत न त धेरै हावी हुन्छ न त अत्यन्त न्यून नै । यसले आवश्यक पर्दा मात्र दृश्यको भावलाई उठाउने काम गर्छ, विशेषगरी दुःख, वियोग र आशाका क्षणहरूमा परम्परागत नेपाली लोक धुनहरूको प्रयोगले चलचित्रलाई मौलिकता र पहिचान प्रदान गरेको छ । घनश्यामको बाबुको मृत्युमा बजाइएका नगरा, सहनाई र शङ्कको ध्वनिले चलचित्रमा सो क्षणको विषयलाई निकै जीवन्त बनाएको छ ।

## सम्पादन र गति

चलचित्रको सम्पादनले कथाको गतिलाई नियन्त्रण गर्दछ । चित्राङ्कन पछि चलचित्रको निर्माण क्रममा सम्पादनको स्थिति प्रमुख रहने गर्दछ । 'सुटिङ स्थलमा खिचिएका दृश्यहरू र शटहरूलाई

व्यवस्थित कहानीको प्रवाह अनुसार सिलसिलाबद्ध रूपमा समेट्नु नै सम्पादन कला हो (सायमी, २०७५, पृष्ठ १४६) ।' 'झोला' चलचित्रमा सम्पादनको गति सुस्त र स्थिर छ, जसले दर्शकलाई प्रत्येक दृश्यको गहिराइमा प्रवेश गर्न र पात्रहरूको भावनालाई बुझ्न पर्याप्त समय दिन्छ । चलचित्रको प्रारम्भ वर्तमान समाज समय र परिवेशबाट भएको छ । जहाँ सशस्त्र जनयुद्धमा गाउँ शहर जताततै बम विस्फोट हुने क्रममा राखिएका बमहरू र त्यस्तै प्रकृतिको एउटा शंकास्पद 'झोला'ले कथाको घटनालाई अगाडि बढाएको छ ।




**तस्बिर २: संकटकालमा बाटामा फालिएको बेवारिसे बम डिस्पोजल गर्न प्रहरीले सक्रियता देखाउँदै गरेको दृश्य**

***स्रोतः यादवकुमार भट्टराईद्वारा निर्देशित चलचित्र 'झोला' (२०७१) बाट लिइएको स्क्रिनसट ।***

तीव्र सटहरूको सट्टा लामो शटहरूको प्रयोग र सहज प्रवाहले कथालाई स्वाभाविक रूपमा अगाडि बढाएको छ । यसले दर्शकलाई कथाको भावनात्मक यात्रामा पूर्ण रूपमा संलग्न गराउन सफल भएको देखिन्छ । एक असल प्राविधिक सम्पादक अनावश्यक जम्प कट वा विघटनकारी सम्पादनबाट जहिले पनि टाढा रहन्छ । कथाकारले लेखेको कथालाई सामान्य बदलाव (इम्प्रोभाइज) मात्र गरी त्यसको मर्मलाई अवलम्बन गर्दै चलचित्रको सम्पादन गरिएको देखिन्छ ।

## पात्र योजना र अभिनय

पात्रहरूको चयन र अभिनय 'झोला' चलचित्रको अर्को सशक्त पक्ष हो । चलचित्रमा पात्रको उपस्थिति प्रत्यक्ष हुने भएका कारण पात्रको हाउभाउ र व्यक्तित्व शारीरिक रूपमा उपस्थापन भएका

हुन्छन् (सुवेदी, २०७९ : पृष्ठ ८) । मुख्य पात्रहरूले आफ्ना भूमिकालाई जीवन्त र विश्वसनीय ढङ्गले प्रस्तुत गरेका छन् । मुख्य रूपमा कान्छी श्रीमती अर्थात् घनश्यामकी आमालाई प्रस्तुत गरिएको छ जसलाई नायिका गरिमा पन्थले अभिनय गरेकी छन् । उनको भूमिका एउटी सती जान विवश नारीको चरित्रमा जीवन्त ढङ्गले चरित्रलाई बहन गरेको देख्न सकिन्छ । त्यसैगरी उनकै एकमात्र छोरो घनश्याम अर्थात् सुजल नेपालको भूमिकालाई प्रमुख रूपमा चलचित्रमा प्रस्तुत गरिएको छ ।



**तस्बिर ३: आफूलाई जलाउँदै गर्दा उम्केर बचेकी घनश्यामकी आमालाई गुफामा भेटेपछि आमाछोरा भावुक हुँदै गरेको दृश्य**

***स्रोत: यादवकुमार भट्टराईद्वारा निर्देशित चलचित्र 'झोला' (२०७१) बाट लिइएको स्क्रिनसट ।***

गैर व्यावसायिक पात्र भएपनि उक्त बालकलाकार सुजल नेपालको भूमिकाले चलचित्रको अभिनय पक्षलाई अझ सशक्त बनाएको देखिन्छ । आफूभन्दा ४० वर्ष कान्छी भएकी कान्छी श्रीमतीबाट जन्मिएको घनश्याम आफूभन्दा धेरै वर्ष जेठा आफ्ना सौतेनी दाजुहरूसँग सम्बन्ध बढाउन खोज्दा उसलाई स्वीकार नगरिएको र त्यसले उसमा पारेको प्रभाव जस्ता कुराहरू उसको अभिनय मार्फत चलचित्रमा जीवन्त रूपमा व्यक्त भएको देख्न सकिन्छ । अन्य पात्रहरूमा घनश्यामको काका को भूमिकामा देशभक्त खनाल काकीको भूमिकामा लक्ष्मी गिरी लगायतका पात्रहरूको जीवन्त भूमिकाले अभिनय पक्षलाई सबल बनाएको छ । निर्देशकले सिङ्गो चलचित्रको सूत्रधारका रूपमा 'झोला' कथाका लेखक कृष्ण धरावासी स्वयंलाई छोटो भूमिकामा प्रस्तुत गरेका छन् उनको अभिनय पनि स्वभाविक र सान्दर्भिक देखिन्छ । यस्तै छोटो भूमिकामा रहेका घनश्यामका वृद्ध पिताको अभिनय दीपक क्षेत्रीले निभाएका छन् । उनको अभिनयमा पनि परम्परागत पुरुष प्रधान समाजको पति भएतापनि आफ्नो वृद्धावस्था र रोगका कारण उनको भावमा देखिने किंकर्तव्यविमूढतालाई झल्काउन खोजिएको छ । उनीहरूको शारीरिक भाषा, बोलीचाली र आँखाको भावले पात्रहरूको आन्तरिक द्वन्द्व र सामाजिक बाध्यतालाई स्पष्ट रूपमा देखाउँछ। अभिनयमा प्राकृतिकतामा

जोड दिइएको छ, जसले दर्शकलाई ती पात्रहरू वास्तविक हुन् भन्ने महसुस गराउँछ। यसले गर्दा दर्शकले पात्रहरूको पीडा र संघर्षलाई सजिलै महसुस गर्न सक्छन् । प्रस्तुत चत्र चलचित्रमा पात्रको अभिनयमा कुनै कृत्रिमता र देखावटीपन पाइँदैन ।

**संवादको प्रयोग**

चलचित्रको कथालाई अगाडि बढाउन पात्रको चरित्रको पूर्ण विकास गर्न र दर्शकहरूलाई उक्त चलचित्रको कथासँग बाँधेर लैजान संवादको महत्त्वपूर्ण भूमिका रहन्छ । संवादको मुख्य भूमिका कथालाई गति दिनु हो । जसले नवीन जानकारी घटनाहरूको श्रृफ्ला र उत्पन्न द्वन्द्व र त्यसको परिस्थितिलाई बोलिरहेको हुन्छ। संवादले पात्रको व्यक्तित्व उसको मनोसामाजिक यथार्थता बोल्ने तौर तरिका, उसको हाउभाउ, सामाजिक पृष्ठभूमि, शिक्षा, वर्ग, लिङ्ग समाज, राष्ट्र र विश्वप्रति उसको सोच जस्ता कुरालाई अभिव्यक्त गरिरहेको हुन्छ । उपयुक्त पृष्ठभूमिका आधारमा पात्रहरूको भाषिक अभिव्यक्तिको निर्धारण गर्न सकिएमा चलचित्रको सफलतामा संवादले महत्त्वपूर्ण भूमिका खेल्न सक्छ। उत्कृष्ट संवादले दर्शकहरुलाई चलचित्र कथामा डुब्न प्रेरित गर्छ । उनीहलारूई भावनात्मक रुपमा साधारणीकरण गराई चलचित्रको कथाको सुरुदेखि अन्त्यसम्म डोहोऱ्याउन सफल हुन्छ। चलचित्रमा संवादको प्रयोग त्यतिबेला मात्र उपयुक्त हुन्छ जतिबेला कथाले सो कुरा व्यक्त गर्न सक्दैन। कतिपय सवालमा अनावश्यक र लामो संवादले दर्शकहरुलाई अधैर्य बनाउँछ त्यसैले चलचित्रका संवादहरूमा हरेक शब्दहरूको विशिष्ट महत्त्व रहेको हुन्छ। आवश्यकता अनुसार मूल संवादलाई सहयोग पुऱ्याउने उपसंवादहरूको प्रयोग गरी पात्रको मनको आवाज कथाको उद्देश्य र दर्शकले खोजेको अपेक्षालाई समेत सम्बोधन गरिएको हुनुपर्दछ।

प्रस्तुत चलचित्रमा निर्देशक यादव प्रसाद भट्टराईले संवादको प्रयोग निकै कम गर्ने प्रयास गरेका छन्। त्यसको मुख्य उद्देश्य कथालाई दृश्यविम्ब मार्फत प्रस्तुत गर्नु रहेको देखिन्छ। यस चलचित्रमा मूलत पात्र परिचयजन्य परिस्थितिजन्य भावनात्मक अभिव्यक्ति र सांस्कृतिक पृष्ठभूमिमा आधारित संवादहरू प्रस्तुत गरिएको छ । पात्रहरूले बोलेका संवादलाई अझ प्रभावकारी बनाउन निर्देशकले संवादमा पृष्ठ ध्वनि समिश्रणको प्रयोग गरेका छन् जसले संवादलाई स्वभाविक बनाएको छ। ध्वनिको रचनात्मक उपयोग र प्रयोगले गर्दा दृश्यमा यथेष्ट प्रभाव दिन सकिन्छ। त्यसैले गर्दा वा यही कारणले चलचित्रको गुणस्तरको विकासमा ध्वनिले अटुट सम्बन्ध कायम राखेको छ (सायमी, २०७५ : पृष्ठ १४)। चलचित्रमा श्रव्य पक्ष जत्तिकै दृश्य पक्ष पनि सबल हुनुपर्छ। भन्ने कुरालाई 'झोला' चलचित्रले अवलम्बन गर्ने प्रयास गरेको छ । त्यसैले चलचित्रको कथालाई दृश्य भाषा ध्वानि र मौनता मार्फत पनि व्यक्त गर्न खोजिएको छ। चलचित्रका संवादहरू धेरै लामा छैनन्। सकेसम्म छोटा बनाउने प्रयास गरिएको छ । कुनै कुनै ठाउँमा एउटै पात्रको लामा संवादहरूले कथालाई झन्झटिलो बनाएको पनि देखिन्छ। घनश्यामको वृद्ध पिताको मृत्युपछि उसकी जवान आमालाई सती जान प्रेरित गर्दै पुरोहितले व्यक्त गरेको संवाद यस्तो छः

सती जाने मान्छे यसरी रुनु हुन्छ ? यसरी रुँदा सती जाँदा प्राप्त हुने सारा पुण्यहरू आँसुले पखालिदिन्छ । नरोऊ सती जाँदा आफ्नो मात्र होइन आफ्नो लोग्नेको समेत सारा पाप पखालिन्छ । यो पूर्व जन्मको पुण्यको फल हो । लेऊ यो फूललाई जम्ल्या हात गरी एकचित्त भएर आफ्नो लोग्नेलाई सम्झ । सबैले एकदिन यो संसार छोडेर जानुपर्छ । माया मोहको जालोमा अल्झेर आफूले कमाउने पुण्य बिगार्नु हुँदैन । परम प्रभु नारायणको नाम जपी लोग्नेलाई मात्र सम्झ.....लोग्नेलाई मात्र सम्झ.....लोग्नेलाई मात्र सम्झ (००:३५:१८-००:३६:५३) ।




**तस्बिर ४: घनश्यामको पिताको मृत्युपछि उसकी आमालाई सती जान प्रेरित गर्दै गरेका पुरोहितको दृश्य**

***स्रोतः यादवकुमार भट्टराईद्वारा निर्देशित चलचित्र 'झोला' (२०७१) बाट लिइएको स्क्रिनसट ।***

कतिपय संवादहरू लामा हुनुका मुख्य कारण भावनात्मक अभिव्यक्तिलाई प्रकट गर्न राखिएको पनि देखिन्छ तर त्यसले दर्शकको धैर्यतालाई असर पार्न सक्छ भन्ने कुरामा भने निर्देशक सचेत नै देखिएका छन् ।

### मोन्टाज प्रविधिको समिश्रण

मोन्टाज एउटा त्यस्तो महत्त्वपूर्ण सम्पादन प्रविधि हो । जसमा चलचित्रको छायाङ्कन क्रममा खिचिएका फरक फरक दृश्यहरूलाई ससाना टुक्रामा पारेर एकै ठाउँमा जोडी दर्शकहरूमा विशिष्ट अर्थ वा भाव पैदा गर्ने उद्देश्य राखिएको हुन्छ संयोजनात्मक मुन्टाज लयबद्ध मोन्टाज भावनात्मक मनटाज बौद्धिक मोन्टाज आदि यसका विभिन्न प्रारुपहरु छन् । समयको छलाङ भावनात्मक अवस्थाको गहिराई समानता र असमानतालाई देखाउन यो प्रविधिको प्रयोग गरिन्छ यसका साथै कुनै विषयवस्तुलाई रोचक तरिकाले जानकारी दिन पनि मुन्टाज प्रविधिको प्रयोग गर्ने गरिएको छ जसले दर्शकको ध्यानलाई आफूतिर आकर्षित गर्न र भावनात्मक रुपमा जोड्न सहयोग पुऱ्याउँछ । साना ठूला शर्टहरूलाई विशिष्ट संयोजनमार्फत चलचित्रमा प्रस्तुत गर्न 'झोला' चलचित्रका निर्देशकले निकै प्रयास गरेका छन् ।

यो मोन्टाज प्रविधिको उत्कृष्ट उदाहरण हो । मोन्टाज क्यामेराद्वारा एकपटक चलेर रोकिउन्जेलसम्म खिचिएको एउटा छुट्टै सर्टलाई अर्कोपटक खिचिएको कुनै बेग्लै सर्टसँग जोडेर मिश्रण गरेपछि बनेको सर्टलाई मोन्टाज भनिन्छ (सायमी, २०७५ : पृष्ठ १३०) । चलचित्रको कथालाई पूर्वदीप्ति शैलीमा प्रस्तुत गरिएको छ । यसका लागि निर्देशकले अन्त्यको घटनालाई सुरुको घटना क्रमसँग जोड्न मोन्टाज प्रविधिको भरपुर प्रयोग गरेका छन् ।




**तस्बिर ५: अपरिचित व्यक्तिको कथा पढिसकेपछि सुत्रधार (धरावसी स्वयम्) ले आफ्नी विधुवा आमालाई सती प्रथाको अन्त्य गर्ने राणा प्रधानमन्त्री चन्द्र शम्शेरको फोटो देखाउँदै गरेको दृश्य**

***स्रोतः यादवकुमार भट्टराईद्वारा निर्देशित चलचित्र 'झोला' (२०७१) बाट लिइएको स्क्रिनसट ।***

चलचित्रको कथालाई वर्तमान समयबाट राणाकालीन युगमा लैजान र सो समयबाट वर्तमान समयमा फर्काउन निर्देशकले मोन्टाज प्रविधिको विशेष प्रयोग गरेका छन् ।

## निष्कर्ष

'झोला' चलचित्र जुन बेलामा निर्माण भएको थियो त्यसबेलामा व्यावसायिक अथवा ग्ल्यामरस चलचित्रहरू निर्माणको परम्परा थियो । त्यस्तो अवस्थामा यस चलचित्रका निर्देशक यादवप्रसाद भट्टराईले कलात्मक प्रकृतिको यो चलचित्र निर्माण गरेका हुन् । यो चलचित्र प्रकाशित सुप्रसिद्ध साहित्यिक कृति कथाको पुनरुत्पादन हो । पुनरुत्पादन गरिएका अन्य कैयौं त्यस्ता चलचित्रहरू नेपाली चलचित्र उद्योगमा असफल भएको अवस्थामा यो चलचित्र व्यावसायिक रूपमा समेत सफल हुनुले यसको निर्माण प्रविधि पक्षको सफलतालाई मान्न सकिन्छ । कृष्ण धरावासीको 'झोला' कथालाई पुनरुत्पादन गरी त्यही शीर्षकमा यो चलचित्र निर्माण भएको देखिन्छ जसले उपजीव्य 'झोला' कथालाई समेत न्याय गर्न सफल भएको छ । समग्रमा, 'झोला' चलचित्रले सशक्त निर्माण प्रविधिहरूको प्रयोग गरेर एउटा संवेदनशील र यथार्थपरक कथालाई पर्दामा सफलतापूर्वक उतारेको छ । कथावस्तुको गहन प्रस्तुति, कलात्मक छायांकन, प्रभावकारी ध्वनि तथा संगीत, सुविचारित सम्पादन र जीवन्त अभिनयले

यस चलचित्रलाई नेपाली सिनेमामा एउटा कोसेढुंगा स्थापित गरेको छ । यी प्रविधिहरूको सुसंगत र प्रभावशाली प्रयोगले गर्दा 'झोला' चलचित्रले दर्शकको मनमा गहिरो छाप छोड्न सफल भएको छ र नेपाली समाजको एक महत्त्वपूर्ण ऐतिहासिक पाटोलाई कलात्मक रूपमा अभिलेखीकरण गरेको छ । यसले नेपाली सिनेमाको प्राविधिक र कलात्मक पक्षमा एक उच्च मापदण्ड स्थापित गरेको देखिन्छ ।

## सन्दर्भसूची

ओझा, अनुपम (सन् २०१४). *भारतीय सिने सिद्धान्त* (दो.सं.) : नयाँ दिल्ली : राधाकृष्ण प्रकाशन प्रा.लि. ।

चलचित्र मञ्च (२०७२). *नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय,* चलचित्र विकास वोर्ड ।

जोशी, श्याम मनोहर (सन् २०००). *पटकथा लेखनः एक परिचय,* नयाँ दिल्लीः राजकमल प्रकाशन प्रा.लि. ।

झा, श्यामानंद (सन् २०००). *साहित्यिक पाठ के पुनरुत्पादन की समस्याएंः विशेष संदर्भ रंगमञ्च और सिनेमा,* विद्यावारिधि शोधप्रबन्ध, दिल्लीः जवाहरूलाल नेहरू विश्वविद्यालय ।

ढुङ्गेल, माधव (२०६७). *चलचित्र सिद्धान्त.* काठमाडौंः वुद्ध एकेडेमिक पब्लिसर्स एन्ड डिष्टिव्युटर्स प्रा.लि. ।

धरावसी, कृष्ण (२०७५). *झोला.* काठमाडौंः पैरवी बुक हाउस ।

भण्डारी, मन्नू (सन् २०१३). *कथा पटकथा* (दो.सं)., नयाँ दिल्लीः वाणी प्रकाशन ।

भट्टराई, मनोज (२०६८). *पटकथाको सैद्धान्तिक ढाँचा,* स्नातकोत्तर अनुसन्धान कार्य, त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग कीर्तिपुर ।

रे, सत्यजीत (सन् १९९४). *चलचित्र कला और आज,* दिल्लीः राजपाल एण्ड सन्ज ।

शर्मा, लक्ष्मीनाथ (२०३८). *चलचित्र कला,* काठमाडौं : साझा प्रकाशन ।

सायमी, प्रकाश (सन् २००४). *चलचित्र कला र प्रविधि* (दो.सं.), काठमाडौं : पैरवी बुक्स एन्ड स्टेसनरी सेन्टर ।

सुवेदी, राजेन्द्र (२०६९). *चलचित्र सिद्धान्त र नेपाली चलचित्र,* काठमाडौं : पाठ्यसामग्री पसल ।

Andrew, Dudle. (1984). *Concepts of Film Theory*. Oxford University Press.

Andrew, Dudley. (1984). *Concept in Film Theory*. Oxford University Press.

Arheim, Rudolf. *Film as Art*. (1957). University of California Press.

Corrigan, Timothy (Edt.). (2012). *Film and Literature: An Introduction and Reader.* Routledg Publication.

Corrigan, Timothy (edt.). (2018). *Film and Literature*. Routledge Publication.

Hutche, Linda and Siobhan O' Flyan. (1996). *A Theory of Adaptation*.Routledge Publication.

Dick, Bernard F. (1998). *Anatomy of Film* St. Martin…s Press.

Joshi, Dawani. (2015). *Cinematic Adaptation of Literary Text.* Maharaja Krishnakumarsinghji Bhavanagar University. Bhavnagar.

Sairam Pictures. *Jhola*. (2013). Directed by Yadav Kumar Bhattarai. Exposed Films. Youtube, https://www.youtube.com/watch?v=w3blQrI2kIw Accessed 31 August, 2025.

Synder, Mary H. (2011). *Analyzing Literature-To-Film Adaptations.* The Continuum International Publishing Group.

Villarejo, Army. (2007). *Film Studies the Basic*. Routledge Publication.